# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल


दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

मितिः- २०७८/१२/१३

### दक्षिणकाली नगरपालिका क्षेत्रका सबै सहकारी संस्थाहरुको लागि

### सूचना

सहकारी ऐन, २०७४ को दफा ७३(१) मा सहकारी संस्थाहरुले प्रत्येक वर्षको कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, वार्षिक कार्यक्रम, नित तथा योजना, सञ्चालक समिति, साधारण सभा, शेयर लगायतका विवरणहरु सहितको प्रतिवेदन तोकिएको समय भित्र रजिष्ट्रार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको, सहकारी नियमावली, २०७५ को नियम २८ को उपनियम (४) ले सहकारी संस्थाहरुले आफ्नो संस्थागत तथा व्यवसायिक करोबारको विवरण विभागले तोकेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS)मा प्रविष्ट गर्नुपर्ने व्यवस्था रहेको, बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ को दफा ३ ले प्रत्येक महिनाको ७ गते भित्र मासिक र प्रत्येक आर्थिक वर्ष व्यतीत भएको ३०(तीस) दिनभित्र वार्षिक वित्तीय प्रतिवेदन रजिष्ट्रारले तोकिदिएको ढाँचामा एकीकृत व्यवस्थापन सूचना प्रणालीमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ ।

यस नगरपालिकाको प.सं.०७७/७८, च.नं. १५६३, मिति २०७७/१०/१३ को पत्र तथा मिति २०७७/११/२६ को सूचनाबाट यस नगरपालिका भित्रका सबै सहकारी संस्थाहरुलाई त्यस संस्थाहरुको विवरणहरु COPOMIS प्रणालीमा सम्पुष्टि, प्रविष्टि र अभिलेखिकरण गर्ने कार्यका लागि विवरणहरु यस नगरपालिकामा तोकिएको समय भित्र उपलव्ध गराईदिनु हुन भनी पत्राचार गरिएकोमा हालसम्म उल्लेखित विवरणहरु प्राप्त नभएकोले सूचना सम्प्रेषण गरिएको मितिले १०(दश) दिन भित्र अनिवार्य रुपमा उल्लेखित विवरणहरु भरी (Hard Copy मा) यस नगरपालिकाको सहकारी शाखामा बुझाउनु हुन अनुरोध गरिन्छ ।

२०७८/१२/१३

भोला प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np